# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, वैशाख १ गते २०५८ साल (अतिरिक्ताङ्क १

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नयाँ वर्षको अवसरमा २०५८ साल वैशाख १ गते देशवासीको नाममा बक्सेको सन्देश,

प्यारा देशवासीहरू,

नयाँ वर्ष २०५८ शुभारम्भको यस सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा बस्ने सबै नेपालीहरूको सुख, शान्ति र समुन्नतिका लागि शुभकामना व्यक्त गर्दछौं।

शान्ति र सुरक्षाविना विकास सम्भव छैन र विकासविना समाजले गति लिन सक्दैन। न्यायपूर्ण व्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु राज्यको प्रमुख दायित्व भएकोले राजनीतिक स्थिरता र सुशासनबाट आर्थिक विसंगति तथा सामाजिक विकृति हटाई जनतालाई सुखद भविष्यतर्फ उन्मुख गराउन दरिलो आधार प्रदान गर्नु आजको आवश्यकता भएको छ। आर्थिक अनुशासन, नैतिकता तथा सच्चरित्रताका साथ आ-आफ्नो कर्तव्य पूरा गरी बहुदलीय प्रजातन्त्रलाई सुदृढ गर्नेतर्फ सरकार संवैधानिक निकाय, राजनैतिक दलहरू, जनप्रतिनिधि, राष्ट्रसेवक, बुद्धिजीवी एवम् जनता स्वयम्‌को ध्यान समयमै पुग्नेछ भन्ने हामीले आशा राखेका छौं।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नयाँ वर्षको आजको दिनमा सबै नेपालीबीच आपसी विश्वास, समझदारी, सद्भाव र सहयोगको वातावरण सिर्जना भई राष्ट्रिय हितको सम्वर्द्धन तथा नेपालीको कल्याण अभिवृद्धि हुन सकोस्– यही हाम्रो कामना छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।